नेपाल सरकार

# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या :

च.नं. :

## प्रेस विज्ञप्ति

आज मिति २०७८ भाद्र १३ गते सम्माननीय प्रधानमन्त्रीज्यूको समुपस्थितिमा माननीय महालेखापरीक्षकज्यूबाट आर्थिक वर्ष २०७६/७७ को लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा प्रस्तुती भयो। यस कार्यक्रममा सम्माननीय प्रधानमन्त्रीज्यूबाट सार्वजनिक कोष र सार्वजनिक अधिकार प्रयोग गर्ने पदाधिकारीले पारदर्शी, उत्तरदायी एवम् कानुनसम्मत ढङ्गवाट कार्यसम्पादन गर्ने, सरकारी आर्थिक कारोवार गर्दा वित्तीय अनुशासन कायम गर्ने, खर्चको औचित्य एवम् उत्पादकत्व वृद्धि सुनिश्चित गर्ने गरी आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व, सार्वजनिक खरिद र सुशासन लगायत प्रचलित कानुनको पालना गर्न नेपाल सरकारका मुख्य सचिव एवम् सम्पूर्ण सचिवहरुलाई निर्देशन दिनु भयो ।

यसै सन्दर्भमा सम्मानीय प्रधानमन्त्रीज्यूले वित्तीय कारोबार गर्ने र सार्वजनिक पदमा रहेका राष्ट्रसेवकले आफ्नो भूमिकालाई थप प्रभावकारी वनाउन, जनअपेक्षा अनुसार सार्वजनिक स्रोत परिचालन गर्न, प्रतिवेदनमा औंल्याइएका विषयमा नतिजा देखिने गरी सुधार गर्दै जान सबै सचिवलगायत जिम्मेवार पदाधिकारीलाई विशेष ध्यानाकर्षण गराउनु भयो । साथै सम्मानीय प्रधानमन्त्रीज्यूले आर्थिक क्रियाकलापलाई पारदर्शी र जवाफदेही बनाई सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोगसम्बन्धी विषयमा कानुन बमोजिमको जिम्मेवारी पूरा गर्ने गरी आफ्नो भूमिका र कार्यशैली थप परिष्कृत बनाउनसमेत ज़िम्मेवार अधिकारीहरूलाई निर्देशन दिनु भयो।

प्रतिवेदनमा औंल्याइएका बेरुजुमध्ये असूल उपर गर्नुपर्ने बेरुजु समय सीमा निर्दिष्ट गरी यथाशीघ्र असूल उपर गर्न र नियमित वा फछ्यौंट गर्नुपर्ने बेरुजु कार्ययोजना बनाई यसै वर्षभित्र फछ्यौंट गर्न तथा आगामी दिनमा कम भन्दा कम बेरुजु कायम हुने गरी कार्यसम्पादन गर्न नेपाल सरकारका मुख्य सचिवलगायत सम्पूर्ण सचिवहरुलाई निर्देशन दिनु भएको छ ।

मितिः २०७८।०५।१३

कृष्णबहादुर राउत

प्रवक्ता

टेलिफोन : ४९७१०००, ४९७१००१, ४९७१०२५, ४९७१०१४, पो.ब.नं.: २३३१२, काठमाडौं, नेपाल
ई-मेल : info@opmcm.gov.np